नेपाल सरकार

गृह मन्त्रालय

विषय : सप्तरी जिल्लाका बाढी तथा डुवान पीडितलाई थप राहत एवं सहुलियत दरमा ऋण उपलब्ध गराउने ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति :२०७४।०३।२५

**१. विषयको संक्षिप्त व्यहोरा :**

यही मिति २०७४।०३।१७ गते देखि आएको अविरल वर्षाका कारण सप्तरी जिल्लाका रुपनी गाउँपालिका, तिरहुत गा.पा., हनुमाननगर-कंकालिनी न.पा., कञ्चनपुर न.पा. र कोइलाडी-तिलाडी गाउँपालिका लगायतका विभिन्न स्थानहरुमा बाढी तथा डुवानबाट जनजीवन प्रभावित हुन गएको छ । यसै सन्दर्भमा स्थानीयस्तरमा भैरहेको उद्दार तथा राहत कार्यको अनुगमन र बाढी तथा डुवान प्रभावित स्थानहरुको स्थलगत जानकारी लिन यही असार २३ गते सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय गृहमन्त्रीज्यू, राज्य व्यवस्था समितिका माननीय सभापतिज्यू तथा माननीयज्यूहरु लगायतको उच्चस्तरीय टोलीबाट सप्तरी जिल्लाको बाढी ताथ डुवानले अति प्रभावित क्षेत्रहरुको अवलोकन भएको । साथै तिरहुत गाउँपालिका अन्तर्गत प्रभावित क्षेत्रमा गई क्षतिको अवलोकन तथा बाढीबाट विस्थापित परिवारसँग भेटघाट गर्नुभएको । सो अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट पीडित परिवारलाई जस्तापाता खरिद गर्न रु. १५ हजार र टहरा बनाउनका लागि रु. १० हजार गरी प्रति परिवार कुल रु. २५,०००।- (अक्षेरुपी रु. पचीस हजार) थप राहत रकम उपलब्ध गराउने लगायतको घोषणा गर्नुभएकोले प्रकोप पीडित राहत मापदण्ड, २०६४ ले व्यवस्था गरेकोमा थप राहत रकम रु. २५,०००।- (अक्षेरुपी रु. पचीस हजार) उपलब्ध गराउन एवम् घर निर्माणका लागि अर्थ मन्त्रालय मार्फत सहुलियतपूर्ण ऋण रु. १५,००,०००।- (अक्षेरुपी रु. पन्ध्र लाख) सम्म उपलब्ध गराउने घोषणा भएको ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा :**

माथि उल्लिखित भएबमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूबाट स्थलगत अनुगमन भई राहत तथा सहुलियतपूर्ण ऋण उपलब्ध गराउन प्रतिवद्धता जनाउनु भएको सन्दर्भमा अर्थ मन्त्रालयको च.नं. १२३९ मिति २०७४।३।२५ को पत्रानुसार विस्थापित प्रति परिवार रु. २५,०००।– (पच्चीस हजार) र घर निर्माणका लागि रु.१५,००,०००।– (पन्ध्र लाख) सहुलियतपूर्ण ऋण उपलब्ध गराउन सहमति प्राप्त भएको ।

**३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिश :**

यही मिति २०७४।०३।१७ गते देखि आएको अविरल वर्षाका कारण सप्तरी जिल्लाको विभिन्न स्थानहरुमा बाढी तथा डुवानबाट पीडित भएका जिल्ला दैवी प्रकोप उद्धार समिति सप्तरीले एकिन गरेको लगत अनुसारका परिवारलाई सम्माननीय प्रधानमन्त्रीज्यूले घोषणा गर्नु भएबमोजिम प्रकोप पीडित राहत मापदण्ड, २०६४ ले व्यवस्था गरेकोमा थप राहत स्वरुप जस्तापाता खरिद गर्न रु.१५,०००।– (पन्ध्र हजार) र टहरा बनाउनका लागि रु.१०,०००।– (दश हजार) गरी प्रति परिवार जम्मा रु. २५,०००।- (पचीस हजार) थप राहत रकम र घर निर्माणका लागि अर्थ

सचिव

मन्त्रालय मार्फत सहुलियतपूर्ण ऋण रु. १५,००,०००।- (पन्ध्र लाख) सम्म उपलब्ध गराउने निर्णयका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश गर्न माननीय गृहमन्त्रीज्यूबाट मिति २०७४।३।२५ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची–१ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोरा :

(क) बाढी र डुवान पीडितहरुको माग अनुरुप सरकारले खाडो खोलामा बाँध निर्माणको कार्य तत्कालै शुरु गर्ने ।

(ख) डुवानबाट घरवार बिहिन भएका परिवारलाई घर निर्माणका लागि २(दुई) बण्डल जस्तापाता खरिद गर्न रु. १५,०००।– (पन्ध्र हजार) र टहरा निर्माण गर्न रु. १०,०००।– (दश हजार) गरी जम्मा रु. २५,०००।– (पच्चीस हजार) एक मुष्ठ राहत स्वरुप अपलब्ध गराउने ।

(ग) डुवानबाट घर व्यवसाय क्षति भएका पीडित परिवारहरुलाई घर निर्माण र व्यवसाय पुनःसंचालन गर्न रु. १५,००,०००।– (पन्ध्र लाख) सम्म सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउने ।

(घ) डुवान प्रभावित क्षेत्रमा कुनै पनि रोगको प्रकोप फैलन नदिने निःशुल्क स्वास्थ्य सेवाका लागि औषधि उपकरण सहितको थप स्वास्थ्य कर्मीहरुको टोली तुरुन्त परिचालन गर्ने ।

(ङ) पीडितहरुलाई स्वच्छ खानेपानीका लागि प्यूस लगातका उपलब्ध गराउन सामग्री तुरुन्त पठाउने ।

(च) माथी बुँदा नं. 'ख' मा उल्लिखित थप राहत उपलब्ध गराउने सम्बन्धमा आवश्यक पर्ने रकम जिल्ला दैवी प्रकोप उद्धार समितिबाट एकिन भएका पीडित परिवारलाई उपलब्ध गराउन गृह मन्त्रालयको मागको आधारमा अर्थ मन्त्रालयले केन्द्रीय दैवी प्रकोप उद्धार कोषमा रकम निकासा दिने ।

(छ) माथी उल्लिखित बुँदा नं. 'क' सँग सम्बन्धित कार्यका लागि सिंचाई मन्त्रालय, बुँदा नं. 'ग' का सम्बन्धमा अर्थ मन्त्रालयले आवश्यक प्रक्रिया अगाडी बढाउने, बुँदा नं. 'घ' का सम्बन्धमा स्वास्थ्य मन्त्रालय र बुँदा नं. 'ङ' का सम्बन्धमा खानेपानी तथा सरसफाई मन्त्रालय र स्वास्थ्य मन्त्रालयलाई तत्काल कार्यान्वयनका लागि पठाउने ।

मिति : २०७४।३।२५

(लोकदर्शन रेग्मी)
सचिव

श्री सचिव,

गृह मन्त्रालय ।

ससरी जिल्लाका बाढी तथा डुवान पीडितलाई थप राहत एवं सहुलियत दरमा ऋण उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं. ९/४९-०७४/३/२५ को प्रस्ताव मं.प.बै.सं. २१।०७४ मिति २०७४।३।२६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

नेपाल सरकारको निर्णय –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

( डा. सोमलाल सुवेदी )

मुख्यसचिव

२०७४/३/२६